


# सिमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार

समग्र बुलेटिन

| अंक - १३ | कात्तिक २०६७ | पेज १ |
|---|---|---|


## केन्द्रीय कार्यशाला गोष्ठी सम्पन्न

२०६७ कात्तिक १३ साँझ जम्मा भएर १४, १५ र १६ गतेसम्म सप्तरी, सिराहा, उदयपुर, महोत्तरी, धादिङ, गोरखा र लमजुङका फिल्ड कर्मचारी, क्षेत्रीय संयोजक, केन्द्रीय कार्यालय काठमाडौंका कर्मचारीका साथै कार्यसमितिका तर्फबाट महासचिवसहित २६ जनाको सहभागितामा ३ दिने कार्यशाला गोष्ठी सम्पन्न भयो ।

यो कार्यशाला गोष्ठी परम्पराभन्दा भिन्न र अनौपचारिक रूपमा शुरू गरियो । कार्यक्रमलाई एकअर्काका अनुभव साट्ने, विगतका कमजोरीलाई उजागर गरी त्यसबाट के सिकियो, अब त्यस्ता कमजोरीहरू नदोहोऱ्याउने उपाय के-कस्ता छन्, शुरूको दिन यसमा केन्द्रित भएर छलफल भयो । त्यसपछि २०६७ साल श्रावण १ गतेदेखि २०६८ आषाढ मसान्तसम्म सञ्चालन गर्ने क्रियाकलापहरू कार्यान्वयन गर्दा ध्यान पुऱ्याउनुपर्ने विषयहरू र कुन क्रियाकलापबाट कस्तो उपलब्धि लिने, यसबाट कसलाई फाइदा पुग्छ अदिका बारेमा व्यापक र विस्तारपूर्वक अन्तरक्रिया गर्नुका साथै नाटक, गीत र अभिनयद्वारा सभागीहरूलाई क्रियाकलाप सञ्चालन गर्ने विधि बुझाउने प्रयास गरियो ।



अन्तिम दिन कात्तिक १६ गते डानिडाह्युगोका वरिष्ठ सल्लाकार डा. जित्तबहादुर गुरूङले फिल्डमा सञ्चालन भएका क्रियाकलापहरूको अनुगमन कसरी गर्ने, अनुगमन-मूल्याङ्कन भनेको के हो, कस्तो कार्यलाई अनुगमन भनिन्छ, कस्तोलाई मूल्याङ्कन, अनुगमन र मूल्याङ्कनको प्रक्रिया के हो, अल्पकालीन र दीर्घकालीन लक्ष्यहरूको आवधिक अनुगमन र मूल्याङ्कन कसरी गर्दै जाने त भनेर सहभागीहरूलाई गम्भीर विषयलाई सरल प्रक्रियाद्वारा बुझाइदिनुभयो । पाँचवर्षे रणनीतिक लक्ष्यहरूमा उल्लेख भएका संख्याहरू वार्षिक रूपमा सञ्चालन गरिने क्रियाकलापबाट प्राप्त गर्दै जाने र त्यसको मापन गर्ने विधि बुझाइदिनुभयो । यसबाट सहभागीहरूले आफ्नो काम आफैंले ऐनामा हेरेजस्तै गरी छर्लङ्ग भएको बताए र कसैले थपे, "कति राम्रो बुझाउने तरीका...।"




मधेस-तराई, पहाड र उपत्यकाबाट आएका सहभागीहरूमाझ अनुभव साटासाट गर्ने र नबुझेका विषयमा प्रस्ट हुनुका साथै मनभरी हौसला बोकी एक आपसमा अभिवादन गर्दै, फेरि भेट्ने बाचाका साथ आ-आफ्नो कर्मथलोतर्फ लागे । फर्कने बेलामा एउटा गीत गुञ्जिरहेको थियो - *"यसै गरी यसै आँगनीमा फेरि पनि भेटौंला हैं ....।"*

चेतना केन्द्र धुलिखेलका सञ्चालक रामहरि केसी, उनका परिवारजन र सहयोगी भाइ-बहिनीहरूको न्यानो आतिथ्य र खानपानका लागि समग्र परिवारको फेरि पनि धन्यवाद ।

## सापस्तरीय मानवअधिकार सम्बन्धी अभिमुखीकरण

२०६७ असोज १६ गते डिमन गाविस. वडा नं. ३ धाताटोल (आँपगाछी) मा लोहजहरा, गोइठी, कोशीटापु गाविसहरूबाट आएका सामाजिक परिवारका प्रतिनिधिहरूसहित डिमन गाविसका शिव शक्ति, अपाङ्ग दलित, महन्थ वावा, दुर्गा, ओमशान्ति, माँ कमला, नवदुर्गा, तिलगंगा र महिलाउत्थान सापहरूसहित १५ वटा साप पदधिकारी र केही सदस्यहरूसमेतको उपस्थितिमा समग्रद्वारा आयोजित मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन कसरी गर्ने भन्नेबारेको एकदिने प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा महिला ५९ र पुरुष ६६ गरी जम्मा १२५ जना सहभागीहरूलाई मानवअधिकार उल्लङ्घन गर्नेमाथि कसरी कारबाही गर्ने, पीडितलाई कसरी न्याय दिने, उजुरी कुन ठाउँमा कसरी गर्ने, कुन-कुन कार्य गरेमा उल्लङ्घन वा हनन् भएको मानिनेछ, कस्ता-कस्ता कार्यलाई घरेलु हिंसा मानिन्छ, महिला हिंसा भनेको के हो ? भन्ने विषयमा अन्तरक्रिया भयो । आधारभूत



मानवअधिकार भनेको के हो र कस्ता विषयहरू मानवका अधिकारभित्र पर्छन् भन्नेबारेमा समेत जानकारी दिइएको थियो। डिमन गाविस वडा नं. ३ को दादाजी दलित सामाजिक परिवार यस कार्यक्रमको स्थानीय आयोजक थियो।

प्रशिक्षणपछि शुभकामना दिने क्रममा विभिन्न प्रातिनिधिहरूले आफ्ना भनाइ राख्नुभयो । डिमन गाविसका पूर्वगाविस अध्यक्ष चन्द्रनारायण यादवको सभापतित्वमा सञ्चालित यस कार्यक्रममा दादाजी सापका अध्यक्ष शिवदेव सदाले सम्पूर्ण उपस्थित अथितिहरूको स्वागत गर्दै जिल्ला सदरमुकामभन्दा बाहिर त्यो पनि दक्षिण क्षेत्रको हाम्रो गाविसमा आएर यस्तो राम्रो कार्यक्रम सञ्चालन गरी हामीलाई मानवअधिकारको जानकारी, अनुगमनको तरिका सिकाउनुभएकोमा समग्रलाई धन्यवाद भन्दै दादाजी सापको वार्षिक आय-व्ययको विवरण उक्त सभामा प्रस्तुत गरी सबैबाट स्याबासी पाउनुभयो।

मन्तव्यकै क्रममा, दलित युवा समितिका बालेश्वर राम, कोशीटापुका सरस्वती सरदार र रीता सरदार लोहजहराका चित्रनारायण राम, ने.का. डिमन





प्रतिनिधि बलराम यादव, ए.ने.क.पा. माओवादीका विशेश्वर यादव र देवचन्द्र यादव, स्थानीय जागेश्वर राम, साप डिमन प्रतिनिधि राजकुमारी यादवलगायतका वक्ताहरूले स्थानीय स्तरमा साप गठन गरी समाजबाट कुरीति उन्मूलन गर्नुका साथै दमन, शोषण अन्यायलगायत गलत चिजहरू हटाएर छुवाछत उन्मूलन गरी विपन्न दलितहरूलाई अधिकार र सम्पन्नतातर्फ लैजाने यस्तो पवित्र कार्यलाई हामी सबैले सहयोग गरी यस्ता कार्यक्रमलाई सफल पार्नुपर्‍यो भन्ने धारणा राखेका थिए। साथै सप्तरीको दक्षिण भेगका सबै गाविसमा कार्यक्रम विस्तार गर्न जरुरी भयो, विस्तार गर्नुपर्‍यो भन्ने विचार राखेका थिए।

यसै गरी सभाका सभापति चन्द्रनारायण यादवले मानवअधिकारको विषयमा बुझाउनु भएकोमा धन्यवाद भन्दै जातीय सम्प्रदायिकता सबैभन्दा ठूलो खतराको कुरा हो र छुवाछुत पनि खराब भएकाले यसलाइ क्रमस हटाउनुपर्छ भन्ने विचार राख्नुभयो। दुर्गाप्रसाद महत्तोको उद्घोषणमा सञ्चालित उक्त कार्यक्रममा समग्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले समग्रका सबै प्रयासहरू आधारभूत तहमा रहेका सापमार्फत सञ्चालन गर्ने जानकारी दिँदै सामाजिक परिवार भनेको एउटा अभियान हो, यो विपन्न मुक्तिको आन्दोलन भएकाले यसलाई सबै गाउँ र टोल-टोलमा पुर्‍याउनु सबैको कर्त्तव्य हो, भन्दै डिमनसँग आफ्नो लामो भावनात्मक सम्बन्ध रहेको जानकारी दिनुभयो। टोल-टोलमा सामाजिक परिवार गठन गरौं भन्नेमा आह्वान गर्दै, आजको प्रशिक्षण कार्यक्रम सफल पार्नमा सबै प्रनितिधिहरूबाट सहयोग पाएकामा समग्रका तर्फबाट सबैलाई धन्यवाद दिनुभयो।

## सामाजिक परिवारको पारदर्शिता

विभिन्न सामाजिक आन्दोलनका कार्यक्रम सञ्चालन गर्दै आएको दादाजी सापले गाविससँग समन्वय गरी श्रोत लिने काम गर्दै आएको छ भने सुकुम्बासी र भूमिहीन मानिसहरूका लागि आन्दोलन गर्ने, सार्वजनिक सम्पतिको संरक्षण गर्ने कार्य सञ्चालन गर्दै आएको छ । यसै मेसोमा २०६७ असोज १६ गतेको प्रशिक्षण कार्यक्रमपछिको सार्वजनिक सभामा दादाजी दलित सापको वार्षिक आय-व्ययको हरहिसाब सार्वजनिक गर्दै तलको विवरण प्रस्तुत गऱ्यो :

| क.स | आय विवरण | रकम (रू) |
|---|---|---|
| १ | २०६२ सालदेखि हालसम्म २६ जनाको मासिक रू ५ को दरले जम्मा बचत | १८२०।- |
| २ | सदस्ता शुल्कबापत | ४२२०।- |
| ३ | २०६६ सालमा गाविसबाट अनुदान रकम | ३०००।- |
| ४ | अन्य सहयोग | १४३।- |
|  | **जम्मा** | **९१८३।-** |

| क.स | खर्च विवरण | रकम (रू) |
|---|---|---|
| १ | विधान छपाइ | ७००।- |
| २ | स्टाम्प (छाप) | ३२५।- |
| ३ | लेटर प्याड छपाइ | ६५०।- |
| ४ | स्टाम्प प्याड | ४५।- |
| ५ | रजिस्टर २ थान | ९०।- |
| ६ | विधानमा लागेको टिकट १३ प्रति | ६५।- |
| ७ | फोटोकपी - निवेदन फारमको न. ९ | ६८।- |
| ८ | विधानको फोटोकपी | २२०।- |
| ९ | जिल्ला प्रशासनमा दर्ता शुल्क | १०२०।- |
|  | जम्मा खर्च | .३१८३।- |
| **बैक मौज्दात (रु. ९,१८३ - रु. ३,१८३)** | | ६,०००।- |

यस सामााजिक परिवारको सदस्य संख्या ३३ जनामा महिला २१ र पुरुष १२ जना छन् । यस सापका सदस्य दलित समुदायका छन् । यिनीहरू आफूजस्तै सबै सघ-संस्थामा पारदर्शी र सुशासन भएको हेर्न चाहन्छन् ।

## शिवदेव सदाः मेरो चेतनाको ढोका यसरी खुल्यो ...

२०३३ सालमा सप्तरी डिमन ३ मा जन्मेका शिवदेव सदाले दुःखकष्टले कक्षा १० सम्म अध्ययन गरे । तराई-मधेसको दक्षिणी भेग ग्रामीण इलाकाको तत्कालीन अवस्था रुढिवादीमा विश्वास गर्ने, छुवाछुत र कुरीतिले फाँगिएको सामाजिक अवस्थामा भूमिहिन विपन्न परिवारमा जन्मेका यिनले आठ-नौ वर्षको उमेरदेखि अर्काको घरमा काम गर्दै ज्याला गरी हुर्के । यिनको मन सबैभन्दा बढी त्यति वेला दुख्यो जब अरूले मुसरहरूको पानी चल्दैन यता नछो भनेर आफूलाई हेला गर्थे । हुने खाने ठूला बडा भन्नेहरूले हप्काएको यिनी सहन सक्दैनथे, तर चुपचाप सहनुभन्दा यिनीसँग अर्को उपाय पनि थिएन । राजनीतिमा सामान्य रूचि राख्ने यिनी पेशाले मजदुरी गर्छन् । यिनी सम्भन्छन् आफ्नो गाउँमा सामाजिक परिवार गठन हुनुपूर्वको आफ्नो अवस्था सँधै अरूको धाक-धम्की सहनु, अर्काको लोभ लालचमा पर्नु, अर्काको सामु बोल्न नसक्नु, मानवअधिकार, सुशासन, मौलिक हक आदिको त पत्तै थिएन । बचत गर्ने बानी पनि थिएन । कमायो खायो नभए भोकै बस्यो । यसरी दैनिकी गुज्रिरहेको थियो ।

२०६२ साल पुसताका सामाजिक परिवारका बारेमा यिनले केही थाहा पाए । रुचि बढ्दै गयो २०६२ माघ ३ गते यिनकै नेतृत्वमा श्री दादाजी दलित सामाजिक परिवार गठन भयो, ३३ सदस्यीय सापको यिनी अध्यक्ष छानिए ।

त्यसपछि आफ्नो जीवनको अर्को पाटो शुरू भएको कुरा यिनी यसरी व्यक्त गर्दछन्, "समग्रका तत्कालीन कार्यकर्ता राधेश्यामसँग जब मेरो भेट भयो, मेरो चेतनाको प्रथम ढोका विस्तारै उघ्रन शुरू गऱ्यो । त्यस्तो अवस्थामा गुज्रिएको हाम्रो समुदायमा अधिकारमुखी विकासका माध्यमले छुवा-छुत, रुढिवादी परम्परावादी गलत संस्कार उन्मूलन गर्न सकिन्छ र हामी आ-आफैं मिलेर हाम्रो समाजबाट कुरीति हटाउनका लागि सामाजिक परिवार गठन गरी अगाडि बढ्न सकिन्छ भन्ने राधेश्यामको सल्लाह मेरा लागि अमृत वचन भयो ।" "मानवअधिकारको सम्मान गर्ने, बचत गर्ने, कुरीति र गरिबीसँगै हटाउन



संगठित हुने कुराले म उत्प्रेरित भई लागेको हुँ ।" उनी उत्साहपूर्वक आफ्नो भनाइ राख्छन् । उनी थप्छन्, "समग्रको उत्प्रेरणा पाएपछि आफ्नो हक-अधिकार प्राप्त गर्नका लागि अगाडि बढ्दै जाँदा स्थानीय राजनीतिमा समेत लाग्न थालें, विपन्नताबाट मुक्ति पाउन संघर्ष गर्न थालें। यस क्रममा कतिचोटि त अपहरणमा पनि परें। एकचोटि त १०-१२ जनाको समूहले ११ बजे राति घरमा सुतिरहेको बेला उठाएर पनि लगे । लगेपछि गाली गलौज गर्ने, जात मुसहर भएर पनि नेता बन्ने भन्दै ज्यान मार्ने धम्की दिए, गोली मार्दिन्छौं के गर्न सक्छस् भन्दै पिटे। यो तँलाई चेतावनी मात्र हो र अब अगाडि बढिस् भने भन्दै तर्साए । यसै क्रममा, २०६४ सालको संविधानसभाको चुनावछेक स्थानीय स्तरमा सक्रिय राजनीतिमा संलग्न भई अगाडि बढ्दै जाँदा मेरो संयोजकत्वमा २०६५ पौष ९ मा डिमनको उच्च माविको प्राङ्गणमा ठूलो आमसभा भयो । त्यसपछि स्थानीय नेताको रूपमा राजनीतिमा क्रियाशील छु र सामाजिक क्षेत्रमा सामाजिक परिवार मार्फत समाज रूपान्तरण, द्वन्द्व व्यवस्थापन, शान्ति स्थापनाजस्ता कार्यमा संलग्न भएको छु।

हाल म हाम्रो गाविसभित्र रहेको अन्धविश्वास रुढिवाद, छुवाछुत र भेदभावलाई अन्त्य गर्ने, सार्वजनिक स्थलको बाटोघाटो मर्मत-सम्भार गराउने गर्छु। सार्वजनिक जग्गा, पानीपोखरी, पुराना आँपका रूख बगैंचाहरूमाथि अतिक्रमण गर्ने क्रम बढेकाले त्यसलाई रोक्ने र सार्वजानिक सम्पत्तिलाई जोगाउनु हाम्रो कर्त्तव्य हो भनेर सचेत गराउन लागेको छु। सापमार्फत सामाजिक जागरण ल्याउन सबैलाई आह्वान गर्दै आएको छु।

अर्को कुरा २००४ साल र २०२८ सालको नापीअनुसार डिमन गाविसमा ४०० बिगाहा जमिन सार्वजनिक थियो । ती जमिनहरू डिमनका ठूला-वडाले हडप्ने काम गरे, त्यसलाई वचाउने र संरक्षण गर्ने दायित्व अब डिमनका साप सदस्यहरूको हो । शिवदेव सदाले माथिका आफ्ना अनुभव र जीवनका परिवर्तनका सिलसिलाहरू सुनाउदै जाँदा उनको मुस्कान र आँखाका चमकहरूले बाताउँथ्यो साच्चै उनी परिवर्तनको फराकिलो बाटोतर्फ बढ्दै छन् ।

## विशेष जानकारी:

२०६७ मंसिर २८ गते मंगलबारदेखि युथ एफ एम ९६.८ मेगाहर्जबाट साँझ ६:३० बजेदेखि ६:४५ बजेसम्म सामाजिक परिवार एक चिनारी कार्यक्रम हरेक मंगलबार साँझ प्रसारण हुने भएकाले सुन्न नछुटाउनुहोला । यो काठमाडौं, पोखरा, नेपालगञ्ज, चितवन र पूर्वको भेडेटारबाट प्रशारण हुन्छ र त्यहाँका वरिपरिका क्षेत्रहरूमा सुन्न सकिन्छ ।

### हार्दिक श्रद्धाञ्जली

जन्म:
१९७७ वैशाख
चतुर्थी



स्व. लक्ष्मी नानी जोशी

स्वर्गारोहण:
२०६७ कार्तिक कोजाग्रत
पूर्णिमा

यस संस्थाका अध्यक्ष श्री बालकृष्ण लाल जोशीज्यूको ममतामयी माता लक्ष्मी जोशीको स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं

समग्र विकास सेवा केन्द्र, परिवार


सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,** हस्पिटल मार्ग, चाबहिल, पो.व. नं. - १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल: **info@samagra-nepal.org.np,** वेभसाइट: **www.samagra-nepal.org**